नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :**३ **संख्याः** ४४ **मितिः** २०८१।०३।०६ गते

भाग – २

छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन कार्यविधि,२०८१

कार्यपालिकाबाट पारित मिति: २०८१।०२।०६ गते
प्रमाणीकरण मिति :२०८१।०२।०६ गते
स्थानीय राजपत्रमा प्रकाशन मिति : २०८१।०३।०६ गते

**प्रस्तावनाः**

नौगाड गाउँपालिकामा रहेको छिपुलथान विविधता उद्यानलाई, विकास गर्न, स्रोतहरु व्यवस्थापन गर्न र संरक्षण गरी दिगो रुपमा सञ्चालन गर्न छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ।

छिपुलथानविविधताउद्यानसञ्चालनकार्यविधि, २०८१



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१. संक्षिप्त र प्रारम्भ**

क. यस कार्यविधिको नाम “छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन कार्यविधि, २०८१” रहने छ।

ख. यो कार्यवधि नौगाड गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. संविधान भन्नाले “नेपालको संविधान २०७२ सम्झनु पर्छ”।

ख. स्थानीय तह भन्नाले “नौगाड गाउँपालिका सम्झनुपर्छ”।

ग. कार्यपालिका भन्नाले “नौगाड गाउँकार्यपालिका सम्झनु पर्छ”।

घ. अध्यक्ष भन्नाले “नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ”।

ङ. उपाध्यक्ष भन्नाले “नौगाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ”।

च. सदस्य भन्नाले “नौगाड गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ”।

छ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले “नौगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ” ।

ज. समिति भन्नाले “कार्यविधि बमोजिम बनेका समिति भनी सम्झनु पर्दछ”।

झ. कार्यविधि भन्नाले “छिपुलथान विविधता उद्यान संचालन कार्यविधि २०८१ बुझ्नुपर्छ”।

ञ. गाउँपालिका भन्नाले “नौगाड गाउँपालिका बुझ्नुपर्छ”।

ट. ऐन भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन २०७४ बुझ्नुपर्छ”।

ठ. उद्यान भन्नाले “छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन कार्यविधि २०८१ सम्झनुपर्छ” ।

ड. संचालन समिति भन्नाले “दफा ५ बमोजिम गठित समिति सम्झुन पर्दछ” ।

**३. निर्देशक समितिको गठनः**

१. गाउँपालिकाबाट निर्मित विविधता उद्यान (डाइभर्सिटी पार्क) परिचालन सम्बन्धी कार्य सुचारु एबं सुव्यवस्थित ढंगले संचालन गर्न गाउँपालिकामा देहायनुसारको ९ सदस्यीय निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |



प्रमुख प्रशासकीय अधिकृत

छिपुलथान विविधता उद्यान सञ्चालन कार्यविधि, २०८२

ग. गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत — सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

ङ. कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका महिला सदस्य १ जना — सदस्य

च. अपिनाम्पा संरक्षण रेञ्जपोष्ट दल्लेखको कार्यालय प्रमुख — सदस्य

छ. वन तथा वातावरण शाखा प्रमुख — सदस्य सचिव

२. निर्देशक समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता अनुसार निर्देशक समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३. निर्देशक समितिको सम्पुर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

**४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

क. उद्यानको ब्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने र गाउँकार्यपालिकालाई सिफारिस गर्ने ।

ख. उद्यान ब्यवस्थापन तथा सरसफाई कार्यका लागि अभियान र चेतनामुलक कार्यक्रम तर्जुमा गर्ने ।

ग. उद्यानलाई अवलोकन योग्य र आकर्षक बनाउन आवश्यक बजेटको ब्यवस्थापन गर्न पहल गर्ने।

घ. डाइभर्सिटी पार्कको आकर्षक बढाउन विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य कायम गर्ने ।

ङ. सङ्घीय सरकार तथा प्रदेशसरकार संग समन्वय तथा सहकार्य गर्ने ।

च. सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने ।

**५. उद्यान सञ्चालन समितिः**

केदारनाथ संरक्षण सामुदायिक बन र पारीपातल संरक्षण सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुमध्ये बाट निर्वाचित

क. अध्यक्ष — १ जना

ख. उपाध्यक्ष — १ जना

ग. कोषाध्यक्ष — १ जना

घ. सदस्य कम्तिमा १ जना महिला सहित — ३ जना

ङ. उद्यान भित्र रहेका मन्दिरका पुजारीहरु मध्यबाट समितिले मनोनयन गरेको — १ जना

च. उद्यान भित्र रहेको मन्दिरका धामी मध्येबाट समितिले मनोनयन गरेको — १ जना

छ. सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव



प्रमुख प्रशासकीय अधिकृत

## ६. समितिको काम, कर्तव्य र अधिकार

क. उद्यानको विकास सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

ख. उद्यानको संरक्षण तथा रेखदेख गर्ने।

ग. निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

घ. पालो पहराको व्यवस्था मिलाउने।

ङ. शुल्क संकलन गर्ने।

च. उद्यानको कोष व्यवस्थापन गर्ने।

## ७. फोहोरमैलाको ब्यवस्थापनः

क. उद्यानबाट संकलन भएको फोहोर समितिले आफै ब्यवस्थापन गर्नु पर्नेछ ।

ख. उद्यानबाट संकलन भएको फोहोरलाई फोहोरमैला संकलन केन्द्रमा निष्काशन गरी ब्यवस्था मिलाउनु पर्नेछ ।

## ८. सेवा शुल्क उठाउन सक्नेः

क. निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले नगदी रसिदको माध्यमबाट संघसंस्था कार्यालय वा ब्यक्तिबाट संचालन समितिले प्रवेश शुल्क उठाउनेछ ।

ख. प्रवेश शुल्क गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

ग. पार्कमा फ्रि वाइफाईको ब्यवस्था गाउँपालिकाबाट हुनेछ ।

घ. नियमित रुपमा पार्क संचालन हुनेछ ।

ङ. पार्क संचालन समितिले उठेको शुल्कबाट कर्मचारी तथा गार्डको ब्यवस्था गरी परिचालन गर्न सक्नेछ ।

## ९. कोषको ब्यवस्थाः

क. पार्क संचालनबाट उठेको रकम समितिको बैंक खातामा जम्मा हुनेछ ।

ख. कोष परिचालनको लागि खाता संचालन उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गाउँपालिकाले तोकेको बैंकबाट संचालन हनेछ ।

ग. गाउँपालिकाले पहिलो पटकको लागि रु ५० हजार मात्र समितिको कोषमा जम्मा गरिदिने छ सोही रकमबाट वार्षिक रुपमा संचालन खर्चको ब्यवस्थापन गर्नेछ ।

घ. समितिले पौष मसान्त भित्र लेखापरिक्षण गरी प्रतिवेदन गाउँपालिकाम पेश गर्ने छ ।

ङ. विभिन्न दातृ निकाय, संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम र संघसंस्थाबाट प्राप्त रकमलाई कोषमा जम्मा गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१०. उद्यान हेरालु (पाले) सम्बन्धी व्यवस्था:**

क. समितिले आवश्यक सख्यामा हेरालु खटाउन सक्नेछ।

ख. हेरालुको सेवासुविधा निर्देशक समितिको सल्लाहमा समितिले निर्धारण गर्नेछ।

ग. उद्यानबाट संकलन भएको शुल्कबाट प्रोत्साहन स्वरुप १० प्रतिशत रकम हेरालुहरुलाई उपलव्ध गराउन सकिने छ।

घ. हेरालुले आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग जिम्मेवार भएर नगरेमा जुनसुकै वखत समितिले हटाउन सक्ने छ। तर स्पष्टिकरणको मौका भने दिनुपर्नेछ।

**११. यो कार्यविधि गाउँकार्यपालिकाले जुनसुकै बखत खारेज गर्न वा संशोधन गर्न सक्नेछ।**

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

छिपुलथानविविधताउद्यानसञ्चालनकार्यविधि, २०८२



प्रमुख प्रशासकीय अधिकृत